पाल्हीनन्दन गाउँपालिका
Palhinandan Rural Municipality
गाँउकार्यपालिकाकोकार्यालय
Office of Rural Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.),लुम्बिनी प्रदेश, नेपाल
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal
फोन

पत्र संख्या(Letter No.):०७७/७८
चलानी नं.(Ref. No.) :

मिति- २०७८/०४/१०

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ( पहिलो संशोधन) नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ व. ०७८/०७९ मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न भाद्र मसान्त भित्र परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरण गराउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिका, पुर्ण अपाङ्गता भएका, ९० बर्ष माथिका वा आफै उपस्थित हुन नसक्ने ब्यक्तिको हकमा निजका आमा, बुवा, संरक्षक वा माथवर उपस्थित भई नवीकरण गराउन सकिनेछ।

**आवश्यक कागजातहरु**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साईजको २ प्रति फोटो,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैंक खाता नम्बर,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमणपत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी,
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० बर्ष माथिको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- न्यायिक पृथकीकरण गरी बसेका ६० बर्ष माथिका महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,
- ६० बर्ष माथिका अविवाहित महिलाको हकमा वडा कार्यालको अविवाहित प्रमाणित,

**नोट**

- तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।
- नवीकरण गर्ने मिति भाद्र मसान्त सम्म नवीकरण गरिसक्नु पर्ने अनुरोध छ ।

**बोधार्थ**

श्री सबै वडा कार्यालय, पाल्हीनन्दन गाउँपालिका,बेलासपुर ।

**श्रीप्रसाद गौतम**
**प्रमुख प्रशाकिय अधिकृत**

Website : http://palhinandanmun.gov.np , Email : palhinandanrulmun2073@gmail.com, info@palhinandanmun.gov.np
सक्षमनिजामति प्रसाशन, विकास, समृद्धि र सुशासन ।"
"कर आफु पनितिरौ, अरुलाई पनि कर तिर्न प्रोत्साहन गरौ ।"